वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष ४४ अंक २४३ | २०८२ माघ ०७ गते बुधबार, नेपाल सम्वत् ११४६ January 21, 2026 | पृष्ठ ४ | मूल्य : रू. ५/-







# प्रतिनिधिसभा सदस्य निर्वाचन : तनहुँमा २८ जनाको उम्मेदवारी

## पराना दलका उम्मेदवारमा पुरानै अनुहार !



















**भञ्ज्याङ समाचारदाता/तनहुँ**

आगामि फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्यको निर्वाचनका लागि तनहुँमा शान्तिपुर्ण ढंगबाट उम्मेदवारी दर्ता भएको छ । जिल्लाको निर्वाचन क्षेत्र नं. १ र २ मा विभिन्न राजनीतिक दल तथा स्वतन्त्र उम्मेदवारहरूले उम्मेदवारी दर्ता गराएका छन् ।

मुख्य निर्वाचन अधिकृतको कार्यालय तनहुँका अनुसार तनहुँ-१ मा १६ जना र तनहुँ-२ मा १२ जनाले उम्मेदवारी दर्ता गराएका छन् ।

तनहुँ-१ मा नेकपा (एमाले)को तर्फबाट भगवती न्यौपाने, नेपाली कांग्रेसको तर्फबाट गोविन्द भट्टराई, राष्ट्रिय स्वतन्त्र पार्टीको तर्फबाट स्वर्णीम वाग्ले, नेपाली कम्युनिष्ट पार्टीको तर्फबाट विद्यानाथ ढकालले उम्मेदवारी दिएका छन् ।

यस्तै, नेपाल कम्युनिष्ट पार्टी (माओवादी)बाट ओमबिक्रम पन्त, श्रम संस्कृति पार्टीबाट काशीराम गुरूङ, आम जनता पार्टी (एकल चुनाव चिन्ह)बाट चिजा थापा अधिकारी, मंगोल नेशनल अर्गनाइजेसनबाट प्रेमबहादुर थापा, उज्यालो नेपाल पार्टीबाट मन्जिल राना, नेपाल जनमुक्ति पार्टीबाट यामबहादुर आले, नेपाल मजदुर किसान पार्टीबाट रामलक्ष्मी दुवाल, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट रामदत्त जोशी, नेशनल रिपब्लिक नेपालबाट सुमन थापामगरले उम्मेदवारी दिएका छन् । तनहुँ-१ मा दीपकराज जोशी, सन्देश रानाभाट लौडारी र लेकनाथ खनालले स्वतन्त्र उम्मेदवारी दिएका छन् ।

यसैगरी तनहुँ-२ मा नेकपा (एमाले)को तर्फबाट केदार सिग्देल, नेपाली कांग्रेसको तर्फ शंकर भण्डारी, राष्ट्रिय स्वतन्त्र पार्टीको तर्फबाट श्रीराम न्यौपाने, नेपाली कम्युनिष्ट पार्टीको तर्फबाट सोमबहादुर थापाले उम्मेदवारी दिएका छन् ।

राष्ट्रिय जनमुक्ति पार्टीबाट लालबहादुर सार्की (गोतामे), राष्ट्रिय प्रजातन्त्र पार्टीबाट यमबहादुर ठकुरी, नेपाल जनमुक्ति पार्टीबाट पूर्णबहादुर राना, मंगोल नेसनल अर्गनाइजेसनबाट सुष्मा आले, नेशनल रिपब्लिक नेपालबाट नमबहादुर राना, नेपाल मजदुर किसान पार्टीबाट लक्ष्मण अधिकारी, नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बाट गणेशबहादुर लामगादे र उज्यालो नेपाल पार्टीबाट मनराज गुरूङले उम्मेदवारी दर्ता गराएको मुख्य निर्वाचन अधिकृतको कार्यालय तनहुँले जनाएको छ ।

# कांग्रेसका उम्मेदवार : निसाफदेखि हिसाबसम्म

**नकुल अर्याल/काठमाडौं**

नेपाली कांग्रेसका निवर्तमान सभापति शेरबहादुर देउवाको सचिवालयले सोमबार मध्यरातमा सामाजिक सञ्जालमार्फत देउवा प्रतिनिधिसभा सदस्यको निर्वाचनमा उम्मेदवार बन्ने उद्घोष गर्‍यो । यो निर्णय लिन देउवाले सोमबार मध्यरात किन कुर्नुपर्‍यो? जानकारहरु भन्छन् गगनकै हस्ताक्षरको टिकट भए पनि लिने गरी भएका संवादहरु सहमतिमा पुगेनन् ।

देउवासहित पुरानो संस्थापनको व्यवस्थापन खोज्दै सूची बुझाएका रमेश लेखक पनि कांग्रेसबाट उम्मेदवार बन्न सकेनन्। बरू सूचीमा रहेका अन्य नेताहरुले कुनै सहमति वा औपचारिकताबिनै गगनको हस्ताक्षर भएको टिकट हाँसिल गरे । विशेष महाधिवेशनबाट गगन थापाको नेतृत्वमा निर्वाचित कांग्रेसले १ सय ६५ वटै निर्वाचन क्षेत्रमा उम्मेदवार टुंगो लगाउँदा 'निसाफ र हिसाब' दुवैलाई प्राथमिकतामा राखेको देखिन्छ ।

कांग्रेसमा टिकट वितरण सधैं विवादको विषय बन्छ । यसपटक पनि विवादका स्वरहरु सुनिएकै छन् । यद्यपि धेरै पुराना नेताहरु रोकिएका कारण कांग्रेसले तुलनात्मक रुपमा नयाँलाई अवसर दिन सफल भएको छ ।




पूर्वप्रधानमन्त्री देउवाले मध्यरातमै नलड्ने घोषणा गरेको भए पनि कांग्रेस नेतृत्व उनलाई टिकट दिन उदार थिएन । डडेल्धुराबाट आठौं र अन्तिम पटक चुनाव लड्ने देउवाको चाहना कांग्रेस नेतृत्वले सुन्दै सुनेन । देउवासँगै उनकी पत्नी आरजुले पनि कैलाली ५ बाट टिकट पाइनन्।

जेनजी आन्दोलनमा अत्यधिक बल प्रयोगको आरोप खेपेका देउवाका सदाबहादर विश्वासपात्र पूर्व गृहमन्त्री रमेश लेखकले पनि कञ्चनपुर ३ को टिकट पाएनन् । लेखकका समर्थकहरूले कञ्चनपुरमा कांग्रेस सभापति लगायतको पुत्लादहन गरिसकेका छन् । आकांक्षी भएपनि पुरानो संस्थापनका नेताहरु प्रकाशमान सिंह, डा. शशांक कोइराला, बालकृष्ण खाँण, मोहन बस्नेत, उमाकान्त चौधरी,श्याम घिमिरे,सीता गुरूङ, आंगेलु शेर्पा, मदन अमात्य, रामहरि खतिवडा, गुरू बराल, कुन्दनराज काफ्ले लगायतले टिकट पाएनन्।

डा. शेखर कोइरालानिकट अधिकांश नेताहरूले तुलनात्मक रूपमा टिकट प्राप्त गरेका छन् । शेखरनिकट भनेर चिनिएका डा. मिनेन्द्र रिजाल, दीपक गिरी, चन्द्र भण्डारी, गोविन्द भट्टराई, टेकप्रसाद गुरूङ, किरण यादव, सरिता प्रसाईं, राजीव कोइराला, डा. गोविन्द पोखरेल, सुधांशु कोइराला, डा. सुनिल शर्मा, तेजुलाल चौधरी, विनोद खनाल लगायतले टिकट प्राप्त गरेका छन् ।

**गगन-विश्व निकटलाई अवसर**

सभापति गगन थापाको निकट रहेर लामो समयदेखि सक्रिय नेताहरूलाई निसाफ भएको छ । उपसभापति विश्वप्रकाश शर्माका खास भनेर चिनिएकाहरूले पनि अवसर पाएका छन्। गगन-विश्व निकट रहेका प्रबल थापा काठमाडौं १, सचिन तिमल्सिना काठमाडौं ४, सबुज कृष्ण बानियाँ काठमाडौं ६, प्रमोदहरि गुरागाईं काठमाडौं ७, सपना राजभण्डारी काठमाडौं ८ र नानु बास्तोला काठमाडौं ९ ले टिकट

बाँकी तेश्रो पेजमा

# चार पूर्वप्रधानमन्त्री चुनावी मैदानमा

**भञ्ज्याङ समाचारदाता/तनहुँ**

आगामी प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि चार पूर्वप्रधानमन्त्री चुनावी मैदानमा उत्रिएका छन् । नेकपा एमालेका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओली झापा निर्वाचन क्षेत्र नं ५ बाट उम्मेदवार बनेका छन्। त्यसैगरी नेपाली कम्युनिष्ट पार्टीका संयोजक एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' रूकुम पूर्व निर्वाचन क्षेत्र नं १ र सोही पार्टीका सहसंयोजक एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले रौतहट निर्वाचन क्षेत्र नं १ बाट उम्मेदवारी दिएका छन् ।



प्रगतिशील लोकतान्त्रिक पार्टीका संरक्षक एवं पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराई गोरखा निर्वाचन क्षेत्र नं २ बाट उम्मेदवार बनेका छन् । यसअघि २०७९ को आमनिर्वाचनमा एमाले अध्यक्ष ओली झापा-५, नेकपाका संयोजक दाहाल गोरखा-२, सहसंयोजक नेपाल रौतहट-१ बाट निर्वाचित भएका थिए । सो निर्वाचनमा पूर्वप्रधानमन्त्री डा भट्टराईले नेकपाका संयोजक दाहाललाई सहयोग गरेका थिए ।

विसं २०४८ सालको निर्वाचनपछि लगातार डडेल्धुराबाट निर्वाचित हुँदै आएका नेपाली कांग्रेसका पूर्वसभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा भने यसपटकको निर्वाचनमा उम्मेदवार भएनन् । पार्टीको विशेष महाधिवेशनका विषयमा उत्पन्न परिस्थितिका कारण उनि यसपटक चुनावी मैदानबाट बाहिरिएका हुन्।

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष) निर्वाचन प्रणालीतर्फ मंगलबार मुलुकभरका १६५ वटै निर्वाचन क्षेत्रमै उम्मेदवारको मनोनयन दर्ता गरिएको छ ।

## सम्पादकीय ............

www.bhanjyangnews.com

# ऐतिहासिक सम्पदा

ऐतिहासिक, धार्मिक, साँस्कृतिक, प्राकृतिक, साहित्यिक लगायत विविध आयमले परिपूर्ण छ हाम्रो मुलुक । ऐतिहासिक महत्व बोकेको सम्पदाको सामयिक रूपले विकास र प्रवर्द्धन गर्नसके आर्थिक उपाजर्नको पाटो बन्न सक्छन् । यस्तै सम्भावना र ऐतिहासिक महत्व बोकेको स्थान हो सतीघाट । भानु नगरपालिका–१ स्थित मर्स्याङ्दी नदी किनारमा रहेको यो सतीघाट ऐतिहासिक सहित धार्मिक महत्व बोकेको छ । आदिकवि भानुभक्त आचार्यको समाधीस्थल समेत रहेको सतीघाटको ऐतिहासिक महत्व रहेको छ । नेपाली भाषा एकीकरणका नायक आचार्यसँग सम्बन्धित कयौ विषयवस्तु तथा क्षेत्र खोज अनुसन्धान गर्नुपर्ने अवस्थामा छन् । नेपाली भाषाका कवि, लेखक, तथा दार्शनिकका रूपमा पहिचान बनाएका आदिकवि आचार्यलाई नेपाली साहित्यको जग बसाल्ने व्यक्तित्वका रूपमा चिनिन्छ । भानुभक्तसँग सम्बन्धित कयौं विषय हालसम्म पनि खोज तथा अनुसन्धान हुन सकेका छैनन् । आचार्यको जन्मस्थल, बाल्यकाल, युवा तथा वृद्धअवस्थाका धेरै विषयमा हालसम्म खोजी भएको पाइदैन । उनको अन्त्येष्टिका विषयमा पनि खोजी गर्नुपर्ने हुन्छ । तनहुँको भानु नगरपालिका–४ चुँदीरम्घास्थित धर्मशाला (शिखर कटेरी) मा वि.सं. १८७१ असार २९ गते जन्मिएका राष्ट्रिय विभूति आचार्यको बाल्यकाल, युवा र वृद्धावस्थालगायत विषयमा खोज तथा अनुसन्धान हुन सकेको छैन । जन्मस्थलका बारेमा प्रचारप्रसार र प्रवर्द्धन भएपनि अन्य विषय भने ओझेलमा छन् । भानुभक्तको विसं १९२५ असोज ७ गते देहावसन भयो । देहावसनको मिति लेखिएको शिलापत्र पाइन्छ। निधनपश्चात् पार्थिव शरीरको अन्त्येष्टि (समाधि) कहाँ गरियो ? भन्ने विषयमा कतिपय साहित्यकारहरू नै जानकार नहुन सक्छन् । जन्मस्थलको विकास, संरक्षण र प्रवर्द्धन भएपनि समाधिस्थलको प्रचारप्रसार नहुँदा गुमनाम जस्तै छ । यस विषयमा गहन अनुसन्धान हुन आवश्यक छ। आचार्यका बारेमा उनका सन्ततिका साथै सरकारी पक्षबाट विशेष अनुसन्धान गरिनुपर्ने खाँचो छ। भानुभक्तको जन्मस्थल र उनिसंग जोडिएका अन्य विषयका बारेमा जति प्रचारप्रसार हुनुपर्ने हो त्यति हुन सकेको छैन। अधिकांश व्यक्तिलाई भानुभक्तको जन्मस्थलका बारेमा जानकारी भएपनि सम्बन्धित अन्य विषय तथा महत्वपूर्ण स्थानका बारेमा अनविज्ञ छन्।

मर्स्याङ्दी करिडोर (हिमालबाट आएको कर्मदा नदी)अन्तर्गत तनहुँको भानु नगरपालिका–१ सतीघाट (गाईथुने)मा भानुभक्तको पार्थिव शरीरको अन्त्येष्टि गरिएको थियो । ऐतिहासिक एवं धार्मिक रूपमा परिचित सतीघाटको बारेमा अधिकांश मानिस अनविज्ञ छन् । भानुभक्तसँग सम्बन्धित स्थानको संरक्षण र संवर्द्धनमा स्थानीयवासीले चासो नदिंदा विशेष महत्व राख्ने यो क्षेत्र ओझेलमा परेको हो । तत्कालिन समयमा नेपालका सनातनी ब्राम्हणले आफ्नो अन्त्यावस्था तीर्थस्थलमा बिताउने अभिलाषा राख्दथे । सोही अनुरूप भानुभक्तलाई पनि अन्त्यावस्थामा मर्स्याङ्दी नदीको सतीघाट (गाईथुने)मा लगि जलाश्रयमा राखिएको शिलापत्र उल्लेख छ । यो घाट चुँदीबैंसीबाट करिब दुई कोस पूर्वमा पर्दछ । यस ठाउँ डुम्रेबाट भन्सार हुँदै लमजुङतर्फ जाने मुख्य राजमार्गको नजिकै पर्दछ । सतीघाटमा दुई वटा घाट रहेका छन् । दुई घाटमध्ये माथिल्लो मन्दिर रहेको स्थानमा भानुभक्तको अन्त्येष्टि गरिएको बताइन्छ । माथिल्लो घाटमा तत्कालिन समयमा समाजमा ख्यातिप्राप्त व्यक्तित्वको अन्त्येष्टि गर्ने प्रचलन रहेको थियो । आचार्यसँग सम्बन्धित केही पुस्तकमा सतीघाटका बारेमा उल्लेख भएपनि यसको विकास र प्रवर्द्धन हुन सकेको छैन । तत्कालिन समयमा एक जना लोहनी थरका व्यक्तिको पाँच वटी श्रीमती एकैसाथ सती गएपछि यस घाटको नाम सतीघाट भएको कथन छ। राष्ट्रिय विभूति आदिकविको समाधिस्थलको प्रचारप्रचार गरी यस स्थानलाई धार्मिक तीर्थस्थलको रूपमा विकास गर्न सकिन्छ । भानुभक्तको नामबाट नामकरण भएको नगरपालिकाले समाधिस्थलको संरक्षण, प्रवर्द्धन र विकासलाई प्राथमिकतामा राख्ने बताउने गरेपनि काम अगाडि बढाउन सकेको छैन । जन्म, वाल्यावस्था र वृद्धावस्थाका साथै उहाँसँग सम्बन्धित विभिन्न विषयका बारेमा विभिन्न पुस्तक तथा शिलापत्रमा उल्लेख भएका छन् । समाधिस्थलको प्रचारप्रसार नहुँदा चर्चामा पर्न सकेको छैन । सतीघाटलाई भानुभक्तको समाधिस्थलका रूपमा मात्रै नभएर धार्मिक तथा ऐतिहासिक क्षेत्रका रूपमासमेत लिने गरिएको छ ।

डुम्रे–भन्सारमा सामान ढुवानीसँगै मुख्य आवतजावतको स्थलका रूपमा पनि सतीघाट परिचित थियो । डुम्रे बजार मुख्य व्यापारिक केन्द्र हुँदा आवश्यक सामग्री ल्याएर बिक्री वितरणका लागि यही बाटोमार्फत डुङ्गा, काठको फेरीको प्रयोग गरी मर्स्याङ्दी नदी हुँदै गोरखा, नुवाकोट, काठमाडौं पुग्ने गरिन्थ्यो । सतीघाट परापूर्वकालदेखि नै धार्मिक एवं ऐतिहासिक रूपमा महत्वपूर्ण छ । धार्मिक एवं ऐतिहासिक महत्व बोकेको यस स्थानको विकास र संरक्षणका लागि गुरूयोजना निर्माण गर्ने योजनामा नगरपालिका छ । सतीघाट संरक्षण समिति वा संवर्द्धन समिति निर्माण गरी गुरू योजनामार्फत यस क्षेत्रको संरक्षण र प्रवर्द्धन गर्ने तयारी गरिएको पनि छ । बाइस्से/चौबिस्से राज्यका बेलामा सेनाले पदयात्रा गर्ने मुख्य नाका नै सतीघाट क्षेत्र रहेको उल्लेख छ । बाइस्से/चौबिस्से राज्यका बेलामा सेनासहित पृथ्वीनारायण शाहले यही बाटो प्रयोग गरेको इतिहासमा उल्लेख गरिएको छ । राज्य एकीकरणको समयमा कालु पाण्डे लगायतका सेना सतीघाट (मर्स्याङ्दी नदी) पार गरी आवतजावत गर्ने मुख्य बाटोका रूपमा थियो भनिन्छ। तनहुँसुरका राजा, गोर्खाली राजा एक ठाउँबाट अर्को ठाउँसम्म पुग्ने मुख्य नाका पनि यही भएकाले यस क्षेत्र विशेष महत्वपूर्ण छ । स्थानीय पालिकाले यस क्षेत्रको सामयिक विकासमा ध्यान दिनुपर्दछ । साथै स्थानीयले पनि सतिघाट क्षेत्रको विकास र प्रवर्द्धनका लागि सरोकारवाला निकायलाई झकझाउन आवश्यक छ ।

# रणनीतिक महत्वको च्याम्ताङ-घोङघप्पा सडक निर्माण नेपाली सेनाबाट

◆ संगीता राई

भिरालो पहाड र कडा चट्टानबीच नेपाली सेनाले च्याम्ताङ–घोङघप्पा सडक निर्माणको काम द्रूतगतिमा गरिरहेको छ । विस्फोट र डोजरको गर्जनबीच खुल्दै गएको 'ट्र्याक'ले दुर्गम सङ्खुवासभाका बासिन्दालाई केवल आवागमनको सुविधा मात्र होइन, स्वास्थ्य, शिक्षा, व्यापार र स्थानीय जीवनमा पहुँच विस्तार गर्ने नयाँ ढोका खोल्दैछ । भिरालो भू–भाग, ठूला ढुङ्गा र जोखिमपूर्ण पहाडी संरचनाबीच निर्माण भइरहेको यस सडकले दुर्गम क्षेत्रका नागरिकको दैनिकीमा प्रत्यक्ष परिवर्तन ल्याउने अपेक्षा गरिएको छ ।

यो सडक अब केवल आवागमनको साधन मात्र नभई सीमा सुरक्षा, राष्ट्रिय स्वाधीनता, भौगोलिक पहुँच विस्तार र भविष्यको समग्र विकाससँग जोडिएको अत्यन्तै रणनीतिक महत्वको परियोजना बन्नेछ । यो सडकले उत्तर–दक्षिण राजमार्गका रूपमा चीन र भारतसँगको भौतिक सम्पर्कमा पनि योगदान पुर्‍याउने भएकाले राष्ट्रिय सुरक्षा र क्षेत्रीय समन्वयको दृष्टिले समेत अत्यन्तै महत्वपूर्ण मानिएको छ ।

कोशी करिडोरअन्तर्गत पर्ने खाँदबारी–किमाथाङ्का सडकको च्याम्ताङ–घोङघप्पा खण्डमा हाल नेपाली सेनाले कठिन परिस्थितिका बाबजुद निरन्तर रूपमा निर्माण कार्य अघि बढाइरहेको छ । कडा भू–बनोट, ठूला चट्टानी संरचना, भिरालो पहाड र जोखिमपूर्ण भौगोलिक अवस्थाबीच विस्फोट (ब्लाष्टिङ), डोजर तथा भारी मेसिनरीको प्रयोग गर्दै सडकको ट्र्याक निर्माण र स्तरोन्नतिको काम भइरहेको सेनाले जनाएको छ ।




खाँदबारी–किमाथाङ्का सडकअन्तर्गत च्याम्ताङ–घोङघप्पा खण्डको १० दशमलव ५१ किलोमिटर लामो ट्र्याक निर्माण कार्यको जिम्मेवारी मन्त्रिपरिषद्को निर्णयअनुसार २०७६ भदौ २२ गते नेपाली सेनालाई प्रदान गरिएको सैनिक प्रवक्ता तथा सहायक रथी राजाराम बस्नेतले बताउनुभयो । उहाँका अनुसार सो खण्डको कुल लम्बाइ १० दशमलव ५१ किलोमिटर र चौडाइ नौ मिटर रहेको छ । ट्र्याक खोल्ने प्रारम्भिक लागत अनुमान रू ६२ करोड ९० लाख रहेको छ, जसमा कडा चट्टान फुटाउने, ब्लाष्टिङ, ढुङ्गा हटाउने तथा ट्र्याक मिलाउने कार्यहरु रहेका छन्।

आर्थिक वर्ष २०७७ सालदेशि सुरू भएको निर्माण कार्यअन्तर्गत गत आर्थिक वर्ष २०८१/८२ मा नयाँ ट्र्याक खोल्ने काम सम्पन्न भइसकेको छ । चालु आव २०८२/८३ मा चार दशमलव ३१ किलोमिटर सडक स्तरोन्नति गरी आवश्यक मापदण्ड पूरा गरेर सडक विभागलाई हस्तान्तरण गरिने प्रवक्ता बस्नेतले बताउनुभयो ।

सेनाका अनुसार उक्त सडक कडा चट्टान, साँघुरो भिर, जोखिमपूर्ण भू–बनोट र प्राकृतिक चुनौतीका कारण निर्माण गर्न अत्यन्तै कठिन रहेको छ । सैनिक प्रवक्ता बस्नेतले भन्नुभयो, "कोशी करिडोरअन्तर्गत खाँदबारी–किमाथाङ्का सडक उत्तर दक्षिण राजमार्गका रूपमा विकास हुँदैछ । च्याम्ताङ–घोङघप्पा खण्ड उत्तरतर्फ चीन र दक्षिणतर्फ भारतसँग जोडिने भएकाले यसको रणनीतिक महत्व अत्यन्तै उच्च छ ।" सडक सञ्चालनमा आएपछि दुर्गम क्षेत्रका बासिन्दाले दैनिक आवागमन, कृषि तथा व्यापारिक गतिविधि, खाद्यान्न ढुवानी, स्वास्थ्य सेवा र शैक्षिक पहुँचमा ठूलो सहजता पाउनाका साथै यसले स्थानीय जनजीवनलाई प्रत्यक्ष रूपमा परिवर्तन गर्ने विश्वास लिइएको छ ।

सैनिक प्रवक्ता बस्नेतले भन्नुभयो, "कडा भू–बनोट र पहाडी चट्टानबीच सडक निर्माण गर्दा विभिन्न प्राविधिक र प्राकृतिक चुनौती आए पनि यस सडकले राष्ट्रको रणनीतिक सुरक्षामा दीर्घकालीन भूमिका खेल्नेछ ।" उहाँका अनुसार सीमा क्षेत्रमा सहज आवागमनका साथै आपत्कालीन सेवा, प्राकृतिक विपद् व्यवस्थापन, राहत सामग्री ढुवानी तथा सुरक्षात्मक गतिविधिमा समेत सडक अत्यन्तै उपयोगी हुनेछ ।

च्याम्ताङ–घोङघप्पा खण्डमा नेपाली सेनाले 'एक्सप्लोसिभ' प्रयोग गरी ब्लाष्टिङमार्फत होल खोप्ने, विस्फोट गर्ने, ढुङ्गा हटाउने र त्यसपछि ट्र्याक मिलाउने कार्य गर्दै आएको छ । भिरालो पहाड, ठूला ढुङ्गा र निरन्तर ढुङ्गा, माटो झर्ने जोखिमबीच भारी मेसिनरी प्रयोग गरी सडकको आधार तयार पार्दै आएको सेनाले जनाएको छ।

सडक निर्माण कार्यमा स्थानीय जनशक्तिको सहभागिता सुनिश्चित गरिएको छ । यसले दुर्गम भेगका बासिन्दालाई रोजगारीको अवसर प्रदान गर्नाका साथै सडक निर्माणसम्बन्धी प्राविधिक ज्ञान, सीप र अनुभव विकास गर्न समेत सहयोग पुगेको छ। सडक निर्माणले स्थानीय पर्यटन प्रवर्द्धन, कृषि उत्पादनलाई बजारसम्म पुर्‍याउने, व्यापारिक गतिविधि विस्तार गर्ने र क्षेत्रीय आर्थिक चलायमानता बढाउन सहयोग पुग्नेछ। सडक पूर्ण रूपमा स्तरोन्नति भई सञ्चालनमा आएपछि स्थानीय तथा क्षेत्रीय विकासमा ठूलो योगदान पुग्ने विश्वास गरिएको छ ।

निर्माण कार्य सम्पन्न भएपछि नेपाली सेनाले आवश्यक समन्वय गर्दै उक्त सडकलाई सडक विभागलगायत सम्बन्धित निकायलाई हस्तान्तरण गर्ने जनाएको छ। कोशी करिडोरअन्तर्गत उत्तर–दक्षिण राजमार्गका रूपमा विकास हुने यो सडकले चीन र भारतसँगको भौतिक सम्पर्क मजबुत बनाउने भएकाले यसको रणनीतिक, आर्थिक र सामाजिक महत्व अझ बढ्नेछ । कडा श्रम, जोखिमबीच निर्माण भइरहेको च्याम्ताङ–घोङघप्पा सडकले संखुवासभाको दुर्गम पहाडी भेगमा विकासको ढोका खोल्ने अपेक्षा गरिएको छ ।

दुर्गम पहाडी भू–भाग, भिरालो भू–भाग र कडा चट्टानको कारण सामान्य सिभिल निर्माण पद्धतिले सडक निर्माण गर्न सम्भव छैन । नेपाली सेनाले निर्माण कार्य नगरेको भए च्याम्ताङ–घोङघप्पा सडकको ट्र्याक खोल्न नै असम्भव हुने स्थानीयवासी बताउँछन् । स्थानीय नोर्वु लामाले भन्नुभयो, "निर्माण भइरहेको सडक अत्यन्तै अप्ठेरो छ । जुन चट्टान नै चट्टान मात्र छ त्यो पनि सामान्य चट्टान होइनन्, कठिन र जटिल संरचनाका छन्, जसमा सडक बनाउनु सहज छैन ।"

नेपाली सेनाले आफ्नो अनुभव, प्राविधिक क्षमता प्रयोग गर्दै निर्धारित लक्ष्यअनुसार काम गरिरहेको छ । सेनाको मिहेनत, व्यवस्थित कार्यप्रणाली र दक्षताका कारण मात्र यो दुर्गम भू–भागमा सडक निर्माण सम्भव भएको उहाँले बताउनुभयो। यसले स्थानीय जनताको आवागमन सहज बनाउने मात्र होइन, व्यापार, कृषि र दैनिक जीवनमा समेत प्रत्यक्ष योगदान पुर्‍याउनेछ ।

सङ्खुवासभाको दुर्गम पहाडी भू–भागमा निर्माण भइरहेको च्याम्ताङ–घोङघप्पा सडकको भौगोलिक चुनौती अत्यन्तै जटिल रहेको प्रमुख जिल्ला अधिकारी सिर्जना थपलियाले बताउनुभयो । सडकखण्डको ढाँचामा सामान्य ब्लाष्टिङ पर्याप्त नहुँदा कतिपय स्थानमा डबल ब्लाष्टिङ गरी ढुङ्गा र माटो हटाएर ट्र्याक तयार गर्नुपर्ने भएकाले निर्माण कार्य थप चुनौतीपूर्ण रहेको उहाँको भनाइ छ । यो सडक भू–भागको हिसाबले अत्यन्त जोखिमयुक्त मानिन्छ । कठिन परिस्थितिका बाबजुद पनि नेपाली सेनाले निर्माण कार्य निरन्तर जारी राखेको छ। सामान्य सिभिल इन्जिनियरले डिजाइन गर्न नसक्ने जटिल

बाँकी तेश्रो पेजमा

## तपाईंको आज

| | | | | | |
|---|---|---|---|---|---|
| **मेष** | **वृष** | **मिथुन** | **कर्कट** | **सिंह** | **कन्य** |
| आत्मविश्वास बढ्नेछ। आर्थिक पक्ष सन्तोषजनक रहनेछ। परिवारसँग समय बिताउँदा मन प्रसन्न हुनेछ। | अनावश्यक विवादबाट टाढा रहनु राम्रो हुनेछ। खर्च बढ्न सक्छ, त्यसैले आर्थिक निर्णय सोचविचार गरेर लिनुहोस्। | अध्ययन, लेखन वा सञ्चारसँग सम्बन्धित काममा सफलता मिल्ने योग छ। मित्रबाट सहयोग प्राप्त हुनेछ। | परिवारका सदस्यसँग खुला संवाद गर्नु लाभदायक हुनेछ। स्वास्थ्यमा सामान्य कमजोरी देखिन सक्छ। | नेतृत्व क्षमता देखिने दिन छ। कार्यक्षेत्रमा प्रशंसा पाइनेछ। पुराना योजनाहरु अघि बढ्ने सम्भावना छ। | काममा व्यस्तता बढ्नेछ। योजनाबद्ध रूपमा अघि बढ्न पर्छ । स्वास्थ्यप्रति सचेत रहनु आवश्यक छ। |
| **तुला** | **वृश्चिक** | **धनु** | **मकर** | **कुम्भ** | **मीन** |
| दाम्पत्य जीवनमा मधुरता आउनेछ। कानुनी वा औपचारिक काममा सफलता मिल्न सक्छ। | गोप्य कुरा बाहिरिन सक्ने सम्भावना छ, सतर्क रहनुहोस्। लगानीका विषयमा हतार नगर्नु राम्रो हुनेछ। | यात्राको सम्भावना देखिन्छ। नयाँ मानिससँग चिनजान हुनेछ। कामकाजमा नयाँ जिम्मेवारी आउन सक्छ। | परिश्रमको उचित फल प्राप्त हुनेछ। पदोन्नति वा जिम्मेवारी बढ्नेछ । आर्थिक अवस्था मजबुत बन्छ । | नयाँ सोच र योजनाले काममा ऊर्जा थप्नेछ। सामाजिक क्षेत्रमा सक्रियता बढ्नेछ। मित्र सहयोगी साबित हुनेछन्। | कल्पनाशक्ति प्रबल रहनेछ। कला क्षेत्रमा लाभ मिल्नेछ। भावनात्मक निर्णय गर्दा सतर्क रहनुहोस्। |

# जोमसोमका पानीघट्ट स्तरोन्नति

**रासस/मुस्ताङ**

यहाँको घरपभ्कोङ गाउँपालिका–४ जोमसोममा वर्षौंदेखि प्रयोगविहीन अवस्थामा रहेको पानीघट्टको मर्मतसम्भार तथा स्तरोन्नति गरिएको छ । यहाँका महिलाहरूको नेतृत्व विकास गर्दै आदिवासी तथा परम्परागत प्रविधिको संरक्षण गरी जलवायु समानुकूलित गराउने उद्देश्यले यहाँका जीर्ण पानीघट्ट र भौतिक संरचना पुनर्निर्माण गरिएको हो ।

क्यानेडाली सरकार (सिएफएलआई)को आर्थिक सहयोगमा अन्तर्राष्ट्रिय प्रकृति संरक्षण कोष नेपाल (आइसीयुएन)ले यहाँस्थित पानीघट्टको मर्मतसम्भार तथा स्तरोन्नति योजना कार्यान्वयनमा ल्याएको हो । यसका लागि घरपभ्कोङ गाउँपालिका, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) र जोमसोम महिला समूहको सहकार्यमा स्थानीय महिला समूहले परम्परागत प्रयोगविहीन पानीघट्टको मर्मतसम्भार तथा स्तरोन्नति गरेको अन्तर्राष्ट्रिय प्रकृति संरक्षण कोष नेपालका कार्यक्रम निर्देशक युवराज गुरागाईँले जानकारी दिनुभयो। निर्देशक गुरागाईँका अनुसार जोमसोमका जीर्ण पानीघट्ट मर्मतसम्भार तथा स्तरोन्नतिका लागि स्थानीय महिला उपभोक्ता समितिमार्फत कार्यान्वयन हुनेगरी रू नौ लाख ३४ हजारमा निर्माण सम्पन्न भएको बताउनुभयो।

सदियौं वर्ष पहिले पुर्खाहरूले निर्माण गरेका परम्परागत पानीघट्ट यहाँको प्राचीन संस्कृति र ऐतिहासिक धरोहर भएकाले यस प्रकारका प्रविधिलाई कालान्तरसम्म जोगाएर राख्नुपर्ने जोमसोम महिला समूहकी अध्यक्ष भुवन शेरचनले बताउनुभयो । आधुनिक प्रविधि युगमा मानिसहरू छिटोछरितो रूपमा काम गर्न चाहने भए पनि यहाँको पानीघट्टको मौलिक र विशिष्ट पहिचान रहेको अध्यक्ष शेरचनले बताउनुभयो ।

समूहकी अध्यक्ष शेरचनले विकास र पूर्वाधार निर्माण ठूलो नभई संरक्षण र संवर्द्धनको पाटो महत्त्वपूर्ण भएकाले पानीघट्टको इतिहासलाई जीवित राख्नुपर्ने आवश्यकता रहेको औँल्याउनुभयो। प्रयोगविहीन अवस्थाका पानीघट्ट मर्मत तथा स्तरोन्नतिले जोमसोमका करिब दुई सय घरपरिवार प्रत्यक्ष लाभान्वित हुने घरपभ्कोङ गाउँपालिकाका उपाध्यक्ष जमुना थकालीले बताउनुभयो ।

तत्कालीन समयमा यहाँ विद्युतीय सुविधा र आधुनिक उपकरणको प्रयोग नहुँदा पुर्खाहरूले पानीघट्टमा अन्नबाली पिसेर खाने गरेका थिए । यहाँ दातृ निकायको सहयोगबाट जोमसोम पानीघट्टको पुरानो भौतिक संरचना पुनर्निर्माण, घट्टका लागि पानी सञ्जय गर्ने ड्याम निर्माण र घट्टका लागि चाहिने आवश्यक उपरकणको व्यवस्थापन गरिएको समिति अध्यक्ष थकालीले बताउनुभयो ।

घट्टमा पिसेको पीठो स्वादिलो, पोषिलो र लामो समयसम्म टिकाउ हुने भएकाले निकै उपयोगी मानिएको छ । घट्ट मर्मत तथा स्तरोन्नतिसँगै यहाँका नागरिकले उवा, जौं, फापर, मकै, गहुँ र फापरको सुकेको पात (ढाप्रा)लगायत परम्परागत बाली पिसेर पीठो बनाउन प्रचलन छ ।

पछिल्लो समय प्रविधिको विकाससँगै यहाँका पानीघट्ट लोपोन्मुख अवस्थामा रहेको एक्याप जोमसोमका कार्यालय प्रमुख राजेश गुप्ताले जानकारी दिनुभयो । मुस्ताङका अधिकांश स्थानमा पानीघट्ट संस्कृति हराउँदै गइरहेको अवस्थामा एक्यापलगायत सङ्घसंस्थाले पानीघट्ट संस्कृति जोगाउन काम गरिरहेको प्रमुख गुप्ताको भनाइ छ। घट्ट संरक्षणले स्थानीय किसानलाई राहत पुगेको र यसले संस्कृतिको संरक्षण तथा पर्यटन प्रवर्द्धनमा पनि टेवा पुग्ने विश्वास गरिएको छ ।

# अन्तरिम सरकारका चार मन्त्री चुनावी मैदानमा

**रासस/काठमाडौं**

निर्वाचन गराउने प्रमुख जिम्मेवारीसहित गठन भएको प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारका चार मन्त्री आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा होमिनुभएको छ। आगामी फागुन २१ गते हुने निर्वाचनका लागि मन्त्री पदबाट राजीनामा दिएर उहाँहरु उम्मेदवार बन्नुभएको हो। हालसम्म प्राप्त जानकारीअनुसार अन्तरिम सरकारका ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकासमन्त्री कुलमान घिसिङ, युवा तथा खेलकुदमन्त्री बब्लु गुप्ता, सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेल र शिक्षा विज्ञान तथा प्रविधिमन्त्री महावीर पुन निर्वाचनमा उम्मेदवार बन्दै हुनुहुन्छ ।

यसअघि उहाँहरूले वर्तमान सरकारको स्वतन्त्र पहिचानमा आँच आउन नदिन दलीय राजनीतिको मैदानमा छिर्नु अघि पदबाट राजीनामा दिने घोषणा गर्नुभएको थियो । मन्त्री पदबाट राजीनामा दिएपछि ऊर्जामन्त्री घिसिङले आफ्नै नेतृत्वमा उज्यालो नेपाल पार्टी गठन गर्नुभएको छ । उहाँ त्यसअघि नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशक हुनुहुन्थ्यो । घिसिङ काठमाडौँ निर्वाचन क्षेत्र नं ३ बाट उम्मेदवार बन्नुभएको उज्यालो पार्टीका प्रवक्ता डा राजु थापाले राससलाई जानकारी दिनुभयो। युवा तथा खेलकुदमन्त्री गुप्ता जेनजी आन्दोलनका अगुवा तथा सामाजिक अभियन्ताका रूपमा परिचित हुनुहुन्छ । राष्ट्रिय स्वतन्त्र पार्टीका तर्फबाट सिरहा निर्वाचन क्षेत्र नं १ बाट आफूले उम्मेदवारी दिन लागेको गुप्ताले राससलाई जानकारी दिनुभयो ।

पूर्वसञ्चारमन्त्री खरेल दुई दशक बढी समयदेखि पत्रकारिता क्षेत्रमा सक्रिय हुनुहुन्थ्यो । मन्त्री बन्नुअघि उहाँले इमेज टेलिभिजनको सम्पादकीय नेतृत्व सम्हाल्नुएको थियो। खरेललाई राष्ट्रिय स्वतन्त्र पार्टीका उपसभापति डिपी अर्यालले आजै पार्टी आबद्धताको प्रतीक चिह्न प्रदान गर्नुभएको छ। उहाँले अपराह्न ३ बजे ललितपुर निर्वाचन क्षेत्र नं २ को निर्वाचन कार्यालय पुगेर उम्मेदवारी दर्ता गर्ने कार्यक्रम रहेको सो पार्टीले जनाएको छ। यस्तै पूर्वशिक्षामन्त्री तथा राष्ट्रिय आविष्कार केन्द्रका संस्थापक एवं वैज्ञानिक पुनले भने आजै म्याग्दी निर्वाचन क्षेत्र नं १ बाट स्वतन्त्र उम्मेदवारी दिइसक्नुभएको छ । प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि पहिलो हुने निर्वाचित हने (प्रत्यक्ष) निर्वाचन प्रणालीतर्फ आज मुलुकभरका १६५ वटै निर्वाचन क्षेत्रमै उम्मेदवारको मनोनयन दर्ता हुँदैछ ।

# कांग्रेसका उम्मेदवार : निसाफदेखि .........

पाएका छन् ।

अघिल्लो निर्वाचनपछि गगनको पक्षमा खुलेका पत्रकार कबिर राणाले भक्तपुर २ मा टिकट पाए भने ललितपुर सभापति जितेन्द्र श्रेष्ठले पनि अवसर पाए । त्यस्तै कुशुम थापामगर, सुरेन्द्र चौधरी, जंगबहादुर तामाङ र जगदीश्वरनरसिहं केसी पनि गगन निकटमध्येबाट परे ।

विद्यार्थी राजनीतिदेखि नै गगनलाई साथ दिँदै आएका कुमार लुइँटेल ओखलढुंगा, कृष्ण रिजाल धादिङ, अजयबाबु शिवाकोटी दोलखाले पनि उम्मेदवारीको अवसर पाए । कांग्रेसको आन्तरिक राजनीतिमा बेलैमा गगनतर्फ कित्ता क्लियर गरेका सहमहामन्त्री फरमुल्लाह मन्सुरले आफूसँगै निकटहरूको पनि टिकट सुरक्षित गरे। अन्य सहमहामन्त्रीहरु उदयशमशेर राणा, मुक्ता यादव, प्रकाश रसाइली स्नेही, कर्णबहादुर बुढा लगायतले प्रत्यक्षतर्फ टिकट हासिल गरे । बारम्बार गुट फेरेर चुनाव लडिरहेका पर्वतका अर्जुन जोशीले यसपटक पनि निराश हुनुपरेन ।

**निसाफ र हिसाबको कुरो**

सभापति थापानिकट एक पदाधिकारी विगतमा भन्दा यसपटक टिकट वितरणमा कम अन्याय भएको दाबी गर्छन् । यद्यपि राजनीतिमा हुने स्वाभाविक पक्षधरता टिकट वितरणमा भएको उनले बताए। 'शतप्रतिशत निसाफ भयो भन्ने त नहोला तर टिकट पाउने धेरै अनुहारलाई निसाफ भएको छ । केही टिकट हिसाब हेरेर पनि तलमाथि भएकै छन्', ती पदाधिकारीले भने । उनको संकेत चुनावपछिको संसदीय दलको समीकरणमा आधारित छ। चुनाव जित्ने अधिक सम्भावना भएका र जितेपछि संसदीय दलमा सहयोग गर्ने सम्भावना नरहेकाहरूले टिकट पाएका छैनन् । यस्तो आरोप पुरानो संस्थापनले लगाइरहेको पाइन्छ ।

'कञ्चनपुरमा रमेश लेखक, नवलपरासीमा देवेन्द्रराज कँडेल, ओखलढुंगामा रामहरि खतिवडा, सिन्धुपाल्चोकमा मोहन बस्नेत लगायतले जितेर आएपछि पनि संसदीय दलमा मत दिँदैनन् भन्ने हिसाब गरेको देखियो', पुरानो संस्थापनका एक नेताले भने । उनले टिकट वितरणमा देउवा र कोइराला पक्षका चिनिएका नेताहरु समेटिए पनि अधिकांशको क्षेत्र नै अप्ठ्यारो रहेको दाबी गरे । 'नुवाकोटमा प्रकाश शरणको उम्मेदवारी नुवाकोटको अर्को क्षेत्र प्रभावित होला भन्ने हिसाबले पनि सुनिश्चित भएको छ । यस्ता धेरै क्षेत्रमा मिलाउने हिसाबले पनि फरक टिमलाई समेटिएको होला', ती नेताको भनाई छ ।

कतिपय निर्वाचन क्षेत्रमा कांग्रेसले पुराना तर अवसर नपाएकाहरूलाई समेटेको छ । केन्द्रीय राजनीतिक पहुँच र द्रव्य शक्ति नभएका केही उम्मेदवारले टिकट पाएकाले कतै कतै निसाफ भएको मान्नुपर्ने कांग्रेसकै नेताहरु बताउँछन् कांग्रेसले सभापति थापालाई भावी प्रधानमन्त्री घोषणा गरेर चुनावमा जाने तयारी गरेको छ। कांग्रेस विधानले संसदीय दलको नेता नै प्रधानमन्त्री हुने व्यवस्था गरेको छ । यसर्थ चुनावपछि हुने संसदीय दलको निर्वाचनलाई पनि मध्यनजर गरेर कांग्रेसले टिकट बाँडेको छ । जसमा कतै निसाफ भएको छ, कतै हिसाब भएको छ । नेपालप्रेसबाट

# रणनीतिक महत्वको .....

भू–भाग भएकाले सेनाले आफ्नै प्राविधिक क्षमता प्रयोग गर्दै निर्माण गरिरहेको छ । उहाँले भन्नुभयो, "जुन हामी सबैका लागि गर्वको विषय हो । भौगोलिक चुनौतीका कारण सडक स्टेबल हुन केही समय भने लाग्छ ।"

निर्माणसम्पन्न भएपछि यस सडकले खाँदबारीदेखि किमाथाङ्का सडकखण्डमा पर्ने तीन पालिका जसमा चिचिला गाउँपालिका, मकालु गाउँपालिका र भोटखोला गाउँपालिकालाई सिधा जोड्ने भएकाले स्थानीय जनताको आवागमन अत्यन्त सहज हुने प्रमुख जिल्ला अधिकारी थपलियाले बताउनुभयो । साथै, दुर्गम क्षेत्रका नागरिकले दैनिक जीवन, कृषि, व्यापार र स्वास्थ्य शिक्षासम्बन्धी सेवामा पहुँच विस्तार गर्ने सहयोग पुग्ने उहाँको भनाइ छ । यो सडकले स्थानीय आवागमन सहज बनाउनाका साथै नजिकका सदरमुकाम, अन्य गाउँपालिका र आर्थिक केन्द्रसँग पनि प्रत्यक्ष सम्पर्क स्थापित गर्ने भएकाले क्षेत्रीय विकासमा महत्वपूर्ण योगदान पुऱ्याउनेछ । सडक निर्माण पूरा भएपछि यसले व्यापार, सेवा–सुविधा र सामाजिक विकासमा समेत ठूलो प्रभाव पार्नेछ ।

नेपाली सेनाले निर्माण गरिरहेको सडक सम्पन्न भएपछि यस सडकसँग जोडिएका अगाडि–पछाडिका खण्डलाई निजी कम्पनीहरूले ठेक्का लिएर निर्माण गरिरहेका छन् । ती कामलाई सहज बनाउने र 'ब्रेक थ्रू' गर्न थप सहयोग पुग्ने प्रमुख थपलियाको भनाइ छ । यसरी च्याम्ताङ–घोङघप्पा सडकले केवल आवागमनको मार्ग मात्र नभई दुर्गम सङ्खुवासभामा विकास, सुरक्षा र समग्र भौगोलिक पहुँचको नयाँ ढोका खोल्नेछ । कडा भू–बनोट, भिरालो पहाड र जोखिमपूर्ण चट्टानी संरचनाबीच निर्माण भइरहेको यस सडक परियोजना नेपाली सेनाको उदाहरणीय काममध्ये एक बनेको छ । निर्माणसम्पन्न भएपछि यो सडक क्षेत्रीय आवागमन, व्यापारिक गतिविधि र स्थानीय जनताको जीवनस्तर सुधारमा दीर्घकालीन योगदान पुऱ्याउने विश्वास गरिएको छ । रासस


## मिर्लुङ पोलिक्लिनिक प्रा.लि.

**व्यास नगरपालिका-२, दमौली तनहुँ**

**फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८**

**माघ १० गते शनिबार**



**डा. जयन्ती ज्वारचन**
वरिष्ठ छाला, यौन, कुष्ठ तथा सौन्दर्य रोग विशेषज्ञ
(Manipal Teaching Hospital, Pokhara)

**सुन्दर छाला, स्वस्थ यौन जीवन र कुष्ठमुक्त समाजको लागि समयमै परीक्षण गरौं।**

**स्वास्थ्य परीक्षण तथा उपचार गरिने प्रमुख समस्या र लक्षणहरु:**

१. **छाला सम्बन्धी रोगहरु:**
अनुहार, हात, शरीरमा रास, डाबर वा रातो-गुलियो देखिनु, चिलाउने, सुन्निने, फोकाहरु आउने, खोपडीमा बोसो, ड्यान्ड्रफ वा रौं झर्ने समस्या, सोरायसिस (Psoriasis), एक्जिमा (Eczema), एलर्जी

२. **यौनरोग सम्बन्धी समस्याहरु** (Male/Female):
यौनाङ्गमा घाउ, दुखाइ वा फोका आउने, यौन रोगजन्य संक्रमण (STI/STD), जलन, गन्ध, शीघ्रपतन, नपुंसकता, यौन दुर्बलता, यौन जीवनमा आत्मविश्वासको कमी

३. **कुष्ठ (Leprosy) रोग:**
छालामा संवेदनाहीन रङ फेरेको दाग, हातखुट्टा टर्रिने, कमजोरी वा सुन्निने, कुष्ठ रोगका प्रारम्भिक लक्षणहरु, लामो समयको छाला समस्या जसले निको हुँदैन

४. **सौन्दर्य चिकित्सा** (Aesthetic Dermatology):
छालाको रङ, दाग, डार्क स्पट हटाउने उपचार, फेसियल थेरापी, स्किन पीलिङ, स्कार ट्रीटमेन्ट, मुहार चम्काउने र त्वचा टाइट गर्ने उपायहरु, हेयर ट्रीटमेन्ट तथा लेजर सेवा, कपाल झर्ने समस्यामा Inj PRP दिनुको साथै कपाल झरेर पुरै टाउको खाली भएको र ठाउँ ठाउँमा खाली भएकोमा कपाल रोप्ने (Trasplant) पनि गरिन्छ ।

**प्रत्येक महिनाको शनिबार :** पहिला पश्चिमान्चल (गण्डकी) अस्पताल र हाल दिर्घायु अस्पताल पोखरामा कार्यरत हाडजोर्नी तथा नशा रोग विशेषज्ञ **डा. मेघराज लामिछाने**द्वारा स्वास्थ्य परीक्षण गरिने हुँदा रोगसँग सम्बन्धी बिरामीहरु जस्तै:- जोर्नी दुख्ने ,जोर्नीमा सुजन वा रातोपन देखिनु, हिड्दा वा चल्दा जोर्नीमा क्याँक-क्याँक आवाज आउनु, हड्डी भाँचिनु वा चिर्नु, काध, घुँडा, कुहिनो, मुठो आदि चलाउँदा दुख्नु वा चिप्लिनु, कमर दुख्ने वा तन्काउँदा दुखाइ बढ्नु, सुत्दा या उठ्दा पीडा बढ्नु ।

**हाम्रा उपलब्ध सेवाहरु :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्, स्टेचिङ् आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी नि:शुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा ।



## अभिभावकले बुलिङ्ग भएको कसरी थाहा पाउने ?


विद्यालय जान नमान्ने/नचाहने


अचानक चुप लाग्ने वा उदास हुने


साथिहरूसँग टाढा रहने


शरीरमा चोटपटक लाग्ने, लुगा च्यातिने वा सामान हराउने

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**
दमौली, तनहुँ । फोन : ०६५-५६३९०७, ९८५६०६०३७६, ९८०६६१३३४०
Email : bhanjyangdml@gmail.com, www.bhanjyangnews.com



## बस निकालिदैं

मुग्लिन–नारायणगढ सडकखण्डको सिमलताल नजिकै तनहुँको आँबुखैरेनी गाउँपालिका–५, दोन्द्राङबेशीस्थित त्रिशुली नदी किनारमा फेला परेको दुर्घटनाग्रस्त बस काठको मुढाको सहायतामा चेनपुल्ली लगाएर निकालिँदै । विसं २०८१ असार २८ मा चितवनको भरतपुर महानगरपालिका–२९ स्थित सिमलतालमा पहिरोमा परि बेपत्ता भएको बस भेटिएको आज दशौँ दिन पनि निकाल्ने प्रयास जारी छ ।

*तस्बिर : सागर गिरी/रासस*

# स्थानीय तहबाट राजीनामा दिंदै प्रतिनिधिसभाको उम्मेदवार

**भञ्ज्याङ समाचारदाता**/काठमाडौं

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि देशभर उम्मेदवारी दर्ता प्रक्रिया सुरू भएसँगै स्थानीय तहका कतिपय जनप्रतिनिधिहरु धमाधम पदबाट राजीनामा दिंदै उम्मेदवारी दर्तामा जुटेका छन् । महानगर, उपमहानगर, नगरपालिका तथा गाउँपालिकाका प्रमुख, उपप्रमुख, वडाध्यक्ष र वडा सदस्यहरु प्रतिनिधिसभा सदस्यको उम्मेदवारी दर्ता गराइरहेका छन्। काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र शाह (बालेन) ले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट झापा क्षेत्र नम्बर ५ मा उम्मेदवारी दर्ता गराउनुभएको छ ।

दमक नगरपालिका–८ स्थित निर्वाचन अधिकृतको कार्यालयमा पुगी उहाँले मनोनयन दर्ता गराउनुभएको हो । विसं २०७९ को स्थानीय निर्वाचनमा स्वतन्त्र उम्मेदवारका रूपमा काठमाडौंको प्रमुख निर्वाचित शाह अहिले प्रधानमन्त्रीको आकाङ्क्षा राख्दै राजनीतिमा प्रवेश गर्नुभएको हो । यही क्षेत्रमा नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओली पनि उम्मेदवार रहेकाले सो निर्वाचन क्षेत्रलाई चासोका साथ हेरिएको छ । भरतपुर महानगरपालिकाकी प्रमुख रेनु दाहालले







पनि पदबाट राजीनामा दिंदै चितवन क्षेत्र नम्बर ३ बाट प्रतिनिधिसभा निर्वाचनमा उम्मेदवारी दिने तयारी गर्नुभएको छ। दुई कार्यकाल भरतपुरको नेतृत्व गरिसक्नुभएको दाहाललाई नेपाली कम्युनिष्ट पार्टी (नेकपा)ले प्रतिनिधिसभा सदस्यको उम्मेदवार बनाएको हो ।

धरान उपमहानगरपालिकाका प्रमुख हर्क साम्पाङले पनि पदबाट राजीनामा दिंदै सुनसरी क्षेत्र नम्बर १ बाट प्रतिनिधिसभा उम्मेदवार बन्नुभएको छ । विसं २०७९ को स्थानीय निर्वाचनमा स्वतन्त्र उम्मेदवार भई विजयी हुनुभएका उहाँ श्रम संस्कृति पार्टीका अध्यक्षसमेत हुनुहुन्छ। आफूलाई भावी प्रधानमन्त्रीका रूपमा प्रस्तुत गर्दै आउनुभएका साम्पाङसँग धरान उपमहानगरपालिका–१७ का वडाध्यक्ष पदबाट राजीनामा दिंदै मनोज भट्टराईले प्रतिस्पर्धा गर्दै हुनुहुन्छ । विसं २०७४ र २०७९ का स्थानीय तहको निर्वाचनमा लगातार दुईपटक वडाध्यक्ष निर्वाचित हुनुभएका भट्टराई नेपाली कम्युनिष्ट पार्टी (नेकपा)बाट उम्मेदवार बन्नुभएको हो ।

यसरी स्थानीय तहका प्रमुख मात्र होइन, वडाध्यक्ष र वडा सदस्यहरु पनि प्रतिनिधिसभा निर्वाचनमा सहभागी हुँदैछन् । वीरगञ्ज महानगरपालिका–१० का अध्यक्ष सुशील साह कानु र वडा नं २० का अध्यक्ष रामकिशोर (पराग) सिंह प्रतिनिधिसभा सदस्यका उम्मेदवार बन्नुभएको छ । कानु राष्ट्रिय स्वतन्त्र पार्टीबाट पर्सा क्षेत्र नं २ मा उम्मेदवार बन्नुभएको छभने सिंह उज्यालो नेपाल पार्टीबाट उम्मेदवार बन्नु भएको छ ।

स्याङ्जाको कालीगण्डकी गाउँपालिकाका अध्यक्ष खिमबहादुर थापा पनि दोस्रो कार्यकाल पूरा नगर्दै स्याङ्जा क्षेत्र नं २ बाट प्रतिनिधिसभा सदस्यको उम्मेदवार बन्नुभएको छ । उहाँलाई नेकपा एमालेले उम्मेदवार बनाएको हो । त्यसैगरी ओखलढुङ्गाको लिखु गाउँपालिकाकी उपाध्यक्ष अस्मिता थापा पनि प्रतिनिधिसभा सदस्यको उम्मेदवार बन्नुभएको छ । थापालाई एमालेका तर्फबाट उम्मेदवार बन्नुभएको हो ।

सोलुखुम्बुको थुलुङ दूधकोशी गाउँपालिकाका प्रमुख असिम राईले पनि पदबाट राजीनामा दिंदै नेपाली कम्युनिष्ट पार्टीका तर्फबाट सोलुखुम्बुको प्रतिनिधिसभा सदस्यका लागि उम्मेदवार बन्नुभएको छ ।

देशभरका १६५ वटै निर्वाचन क्षेत्रमा प्रत्यक्षतर्फको उम्मेदवारी दर्ता प्रक्रिया सुरू भएसँगै स्थानीय तहको नेतृत्वमा छोटो समय काम गरेका जनप्रतिनिधिहरु सङ्घीय संसद्मार्फत सिधै सिंहदरबार पुग्ने लक्ष्यसहित प्रतिनिधिसभा निर्वाचनमा होमिएका हुन् । यसले आगामी निर्वाचनलाई थप प्रतिस्पर्धात्मक र चासोपूर्ण बनाएको छ । रासस


## स्तन क्यान्सरका लक्षण

- स्तन वा काखीमुनि नदुख्ने गिर्खा वा गाँठो देखिनु,
- स्तनको छालामा निको नहुने घाउ आउनु,
- स्तनको आकारमा परिवर्तन हुनु,
- स्तनको छाला सुन्तलाको बोक्राजस्तो खस्रो हुनु,
- स्तनको मुन्टो भित्र जानु,
- स्तनको मुन्टोबाट रगत वा पिप बग्नु,
- स्तन दुख्नु वा सुन्निनु,

यस्ता कुनै पनि लक्षण देखिए चिकित्सकसंग तुरुन्दै परामर्श गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## facebook twitter



**Muma Ram Khanal**
x.com/MumaRamKhanal

१. स्थानीय तहमा दलीय होइन, सेवा प्रवाहको निष्पक्षताका लागि स्वतन्त्र उमेदवार हुनुपर्छ भन्ने आधारमा चुनाव जिते। तर व्यक्तिगत अवसर आउनासाथ दलमा आबद्ध भए ।
२. व्यक्तिगत महत्वाकांक्षा बाहेक कुनै पनि अनुभव, ज्ञान र इतिहास नभएका उनीहरूले महानगर वा नगरलाई यो वा त्यो बनाउने शाब्दिक बाचा मात्र गरे। तर नागरिकको विश्वास र भरोसालाई तोड्दै आफ्नो पूर्ण कार्यकाल पनि पुरा नगर्दै प्रधानमन्त्री वा कुनै मन्त्री बन्ने अवसर देख्नेबित्तिकै सबै जिम्मेवारी छोडेर महत्वाकांक्षा पुर्ति गर्न कुदें।
३. जसले आफ्नो सामान्य काममा समेत असफलता र अधैर्यताको इतिहास रच्दै र नयाँ नयाँ महत्वाकांक्षाको हावा महल बनाउँदै राजनीतिक नेतृत्वलाई एउटा रंगमन्चको जोकरमा रूपान्तर गरे।
यसको जरो त भ्रष्ट, तानाशाही र अधिनायकवादका खलनायक पुष्पकमल दाहाल, केपी ओली र शेरबहादुर देउवा हुन् । तर नयाँ र स्वतन्त्रको नाममा विजयी मेयरहरू ३ बर्ष पनि नबित्दै आफैलाई आफैले प्रमाणित गरेका खलनायक मात्र साबित भए ।

# बन्दीपुर अस्पतालले दुर्गम क्षेत्रमा घुम्ती स्वास्थ्य सेवा सञ्चालन गर्ने

**भञ्ज्याङ समाचारदाता**/बन्दीपुर

तनहुँको बन्दीपुर गाउँपालिका अन्तर्गतका दुर्गम तथा सेवा पहुँचबाट टाढा रहेका बस्तीलाई लक्षित गर्दै बन्दीपुर अस्पतालले घुम्ती चिकित्सकीय स्वास्थ्य सेवा सञ्चालन गर्ने भएको छ । चालु आर्थिक वर्षको स्वीकृत वार्षिक कार्यक्रमअनुसार माघ महिनाभर विभिन्न स्वास्थ्य संस्थामा पुगेर सेवा प्रदान गरिने अस्पतालले जनाएको छ। बन्दीपुर गाउँपालिकाको खर्च केन्द्र बन्दीपुर अस्पताल अन्तर्गत सञ्चालन हुने उक्त कार्यक्रममार्फत विशेष चिकित्सकीय सेवा, स्वास्थ्य परीक्षण, परामर्श तथा अतिरिक्त स्वास्थ्य सेवा उपलब्ध गराइने अस्पतालका प्रमुख डा. अनिल गिरीले बताए । उनका अनुसार सरकारी स्वास्थ्य संस्थाबीच सहकार्य गर्दै महिनामा एक दिन तोकिएका स्थानमा स्वास्थ्य सेवा पुर्‍याउने व्यवस्था गरिएको छ ।

**माघ महिनाको कार्यतालिका**

अस्पतालले सार्वजनिक गरेको तालिकाअनुसार माघ महिनामा बन्दीपुर गाउँपालिकाभित्र रहेका छ वटा सरकारी स्वास्थ्य संस्थामा घुम्ती सेवा सञ्चालन गर्ने भएको छ । जस अनुसार पिप्ले आधारभूत स्वास्थ्य सेवा केन्द्रमा माघ १३ गते (मंगलबार), कल्चोक आधारभूत स्वास्थ्य सेवा केन्द्रमा माघ १४ गते (बुधबार), कुर्कुदी आधारभूत स्वास्थ्य सेवा केन्द्रमा माघ २० गते (मंगलबार), सुखौरा आधारभूत स्वास्थ्य सेवा केन्दमा माघ २१ गते (बुधबार), साराङ्घाट शहरी स्वास्थ्य सेवा केन्द्रमा माघ २७ गते (मंगलबार), धरमपानी स्वास्थ्य चौकीमा माघ २८ गते (बुधबार) सेवा प्रवाह गर्ने भएको छ । यसैगरी, बन्दीपुर अस्पतालसम्म बिरामी ल्याउन–लैजान दुईतर्फी यातायात सेवा व्यवस्थापन पनि माघ १६ र माघ २३ गते सञ्चालन गरिने जनाइएको छ ।

यस्तै, घुम्ती स्वास्थ्य सेवाबाट विशेषज्ञ चिकित्सकको पहुँच नपुगेका बस्तिका नागरिक लाभान्वित हुने अपेक्षा गरिएको प्रमुख डा. गिरीले बताए । स्थानीय तहमा नै परीक्षण, परामर्श र उपचार सेवा पाउँदा समय, खर्च र जोखिम घट्ने अस्पतालको विश्वास रहेको उनले बताए। अस्पतालका अनुसार कार्यक्रमलाई प्रभावकारी बनाउन वडा कार्यालय, स्वास्थ्य शाखा, स्थानीय जनप्रतिनिधि तथा सरोकारवाला निकायसँग आवश्यक समन्वय गरिएको छ । अस्पतालले सम्बन्धित स्वास्थ्य संस्थालाई कार्यक्रम सफल पार्न सहजीकरण गर्न अनुरोधसमेत गरेको छ । यस्तै, ग्रामीण तथा दुर्गम क्षेत्रमा स्वास्थ्य सेवा पहुँच विस्तार गर्ने उद्देश्यले सञ्चालन गरिएको यो कार्यक्रमलाई स्थानीय स्वास्थ्य प्रणाली सुदृढीकरणको महत्वपूर्ण पहलका रूपमा हेरिएको छ । बन्दीपुर अस्पतालले आगामी महिनाहरूमा समेत यस्ता सेवा निरन्तरता दिने तयारी गरेको अस्पतालले जनाएको छ ।

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४